# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, पुस १५ गते, २०७५ साल (अतिरिक्ताङ्क १९(क)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## प्रदेश प्रहरी ऐन, २०७५

सम्वत् २०७५ सालको ऐन नं. १५

### प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश भर शान्ति सुरक्षा कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान एवं मानव अधिकारको सम्मान गर्दै कानून कार्यान्वयन गर्न प्रदेश प्रहरीको गठन र संचालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तारः (१) यस ऐनको नाम "प्रदेश प्रहरी ऐन, २०७५"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नम्बर दुई भर लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नम्बर दुईलाई सम्झनु पर्दछ ।

(ग) "प्रहरी अधिकृत" भन्नाले प्रहरी निरिक्षक र सो भन्दा माथिल्लो दर्जाका प्रहरी कर्मचारी समेतलाई सम्झनु पर्दछ ।

(घ) "प्रदेश प्रहरी" भन्नाले यस ऐन अन्तर्गत नियुक्त भएका र संधीय प्रहरी ऐन बमोजिम नियुक्ती भई प्रदेशमा समायोजन भएका प्रहरी समेतलाई सझनुपर्दछ ।

(ङ) "प्रदेश प्रहरी कर्मचारी" भन्नाले प्रदेश भित्र रहने प्रहरी अधिकृत, प्रहरी कर्मचारी र प्रहरी कार्यालय सहयोगी समेतलाई सम्झनुपर्दछ ।

(च) "प्रहरी महानिरिक्षक" भन्नाले प्रदेश प्रहरीको प्रमुखलाई सम्झनुपर्दछ ।

(छ) "परिक्षार्थी" भन्नाले प्रहरी सम्बन्धी तालिममा सहभागि हुने व्यक्ती वा प्रहरी कर्मचारी समेतलाई सम्झनुपर्दछ ।





(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ ।

## परिच्छेद-२

## प्रदेश प्रहरीको गठन र संचालन

३. प्रदेश प्रहरीको गठनः(१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ ।

(२) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ ।

(३) प्रदेश प्रहरीको गठन र संचालन प्रचलित कानूनले निर्धारण गरेको मापदण्ड बमोजिम प्रदेश सरकारले गर्नेछ।

४. प्रदेश प्रहरी सेवामा रहने समूहः (१) प्रदेश प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिको आधारमा देहाय बमोजिमका समूहहरू रहनेछ ।

(क) जनपद प्रहरी समूह

(ख) प्राविधिक प्रहरी समूह

(ग) पर्यटक प्रहरी

(घ) सामूदायिक प्रहरी

(ङ) ट्राफिक प्रहरी

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका उपसमूहहरु रहनेछन् ।

५. प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पदः (१) प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पद देहाय बमोजिम हुनेछन् ।

(क) राजपत्राङ्कित श्रेणीः

(१) रा.प. विशिष्ट- प्रहरी महानिरिक्षक

(२)रा.प. प्रथम- प्रहरी नायव महानिरिक्षक

- वरिष्ठ प्रहरी उपरिक्षक

(३) द्वितीय श्रेणी- प्रहरी उपरिक्षक

- प्रहरी नायव उपरिक्षक

(४) तृतीय श्रेणी- प्रहरी निरिक्षक

(ख) राजपत्र अनंकित श्रेणीः

(१) प्रथम श्रेणी - प्रहरी नायव निरिक्षक

(२) द्वितीय श्रेणी-प्रहरी सहायक निरिक्षक

(३) तृतीय श्रेणी- प्रहरी हवल्दार

(४) चतुर्थ श्रेणी - प्रहरी जवान

(ग) श्रेणी विहीनः- प्रहरी कार्यालय सहयोगी वा सो सरह ।

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन् ।

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौ स्तर

(३) श्रेणी विहीन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. सङ्गठन संरचना र दरबन्दी सृजनाः (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीहरुको सङ्ख्या नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

(२) उपदफा (१) को प्रयोजनको लागि सहमती मागँ गर्दा नेपाल सरकारले एक महिना भित्र सहमती दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र नेपाल सरकारबाट सहमती प्राप्त नभएमा प्रदेश सरकारलाई सो सम्बन्धमा निर्णय गर्न बाधा पर्नेछैन ।

(४) उपदफा (१) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्न पहिलो पटकको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछ ।

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रहरी महानिरिक्षक, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ग) उपसचिव वा सो भन्दा माथिको अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) उपसचिव वा सो भन्दा माथिको अधिकृत प्रतिनिधि, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रदेश सरकारको सुरक्षा सल्लाहकार - सदस्य

(च) प्रहरी महानिरिक्षकले तोकेको प्रहरी उपरिक्षक प्रदेश प्रहरी कार्यालय - सदस्य सचिव

(५) उपदफा (१) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीन प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था र प्रहरी तथा जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाई_सराई तथा जनघनत्व,

(घ) अपराधको अवस्था र शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चूनौतीहरु,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र राजमार्गहरुको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधारहरु

(६) प्रदेश प्रहरीको निर्धारित दरबन्दीमा थपघट तोकिए बमोजिम हुनेछ ।

७. <u>प्रदेश प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशनः</u> (१) प्रदेश प्रहरीको रेखदेख, नियन्त्रण, निर्देशन र परिचालन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

(२) शान्ति सुव्यवस्था सम्बन्धी कार्यमा खटिएको अवस्थामा प्रदेश प्रहरी कर्मचारीहरु तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(३) उपदफा (२) बमोजिम तोकिएको अधिकारीले शान्ति सुव्यवस्था र सोको प्रशासनसँग सम्बन्धित आदेश



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

निर्देशनहरु त्यसरी खटिएको जिल्लाको प्रहरी प्रमुख मार्फत दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त आदेश निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

(५) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान तथा सो कार्यको लागि आवश्यक परिचालन तथा व्यवस्थापनसँग सम्बन्धित कुनै पनि कामका सन्दर्भमा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

८. <u>प्रदेश प्रहरीको प्रमुखः</u> (१) प्रहरी महानिरिक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ ।

(२) प्रहरी महानिरिक्षक आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्वन्धमा मन्त्रालय प्रति उत्तरदायी हुनेछ ।

## <u>परिच्छेद - ३</u>

## <u>प्रदेश प्रहरीको पदपुर्ति</u>

९. <u>पदपुर्ति तथा भर्नाः</u> (१) प्रदेश प्रहरी सेवाका खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमा पदपुर्ति तथा भर्ना छनौट समितिको सिफारीसको आधारमा नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले संचालन गर्नेछ।

(३) यस ऐनमा व्यवस्था भए देखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपुर्ति गरिने छैन ।

(४) प्रदेश प्रहरी सेवाका देहायको पदमा देहाय बमोजिम पुर्ति गरिनेछ ।

| पद | खुल्ला प्रतियोगीता (प्रतिशत) | बढुवाद्धारा (प्रतिशत) |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी | १०० | |
| (ख) प्रहरी जवान | १०० | |
| (ग) प्रहरी हवल्दार | | १०० |
| (घ) प्रहरी सहायक निरिक्षक | ५० | ५० |
| (ङ) प्रहरी नायब निरिक्षक | | १०० |
| (च) प्रहरी निरिक्षक | ५० | ५० |
| (छ) प्रहरी नायब उपरिक्षक | | १०० |
| (ज) प्रहरी उपरिक्षक र सो माथिल्लो तहका पदहरु | | १०० |

(५) उपदफा (४) को खण्ड (ग), (घ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समुहतर्फ प्रहरी सहायक निरिक्षक वा प्रहरी निरिक्षक पदमा वढुवाद्धारा पदपुर्ति हुनसक्ने अवस्था नभएमा शत प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा पुर्ति गरिनेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रावधिक प्रहरी समुह तर्फ तल्लो पद नहुने पदपुर्ति गर्दा शतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा पुर्ति गरिनेछ ।





(७) प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा पुर्ति हुने पद मध्ये पैतालीस प्रतिशत पद छुट्टयाई सो लाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरिनेछ ।

(क) मधेसी - ५४.३६ प्रतिशत
(ख) दलित - १७.२९ प्रतिशत
(ग) मुस्लिम - ११.५८ प्रतिशत
(घ) आदिवासी/जनजाती - ६.६१ प्रतिशत
(ङ) थारु - ५.२७ प्रतिशत
(च) आर्थिक रुपले विपन्न खस आर्य -४.८९ प्रतिशत

माथि उल्लेखित सम्पूर्ण समुहमा (कलस्टरहरुमा) पचास प्रतिशत सम्बन्धित समुहका महिलाका लागि आरक्षित रहनेछ।

(८) खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ती गरिने अन्य कार्यविधि र मापदण्ड प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(९) प्रदेश प्रहरीको रिक्त पदमा पदपुर्तिको लागि पदपुर्ति तथा भर्ना छनौट समितीले यस ऐन बमोजिम संख्या निर्धारण गर्नेछ ।

(१०) उपदफा (९) बमोजिम बढुवाद्धारा पुर्ति गर्न छुट्टाईएको पदको विवरण पदपुर्ति तथा भर्ना छनौट समितीले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

१०. <u>प्रदेश प्रहरी सेवाको पदपुर्ति तथा भर्ना छनौट सम्बन्धि व्यवस्थाः</u>(१) प्रदेश प्रहरी कार्यालयले प्रदेश प्रहरी सेवाको रिक्त

पदहरुको संख्या खुलाई पदपुर्ति तथा भर्ना छनौट समितिमा भर्नाको लागि अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी अएकोमा खुला प्रतियोगिताको लिखित परिक्षा संचालन गर्न प्रदेश लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु पर्नेछ ।

(३) पदपुर्ति तथा भर्ना छनौट समितिले प्रदेश लोक सेवा आयोग र प्रदेश प्रहरी कार्यालयसँग समन्वय गरी तोकिए बमोजिम भर्ना प्रकृया सुरु गर्नेछ ।

(४) पदपुर्ति तथा भर्ना छनौट समितिले प्रदेश लोक सेवा आयोग संग परामर्श एंव समन्वय गरी अन्तिम नतिजा प्रकाशन तथा उत्तिर्ण उम्मेदवारहरुको नामावली नियुक्तिको निमित्त अख्तियारवाला समक्ष सिफारिस गर्नेछ ।

११. <u>पदपुर्ति तथा भर्ना छनौट समितिः</u> (१) यस ऐन बमोजिम खुल्ला प्रतियोगिताबाट पदपुर्ति गर्न देहाय बमोजिमको पदपुर्ति तथा भर्ना छनौट समिति गठन हुनेछ ।

(क) राजपत्राकिंत पदको लागि

(१) सचिव, मन्त्रालय – अध्यक्ष

(२) प्रहरी महानिरिक्षक —सदस्य

(३) प्रदेश लोक सेवा आयोगले तोकेको द्वितिय श्रेणी वा सो भन्दा माथिको अधिकृत – सदस्य

(४) सम्बन्धित विषय विशेषज्ञ – सदस्य

(५) शान्ति सुरक्षा महाशाखा प्रमुख, मन्त्रालय– सदस्य सचिव

(ख) राजपत्रअनकिंत पदको लागि

(१) प्रहरी महानिरिक्षक – अध्यक्ष





(२) प्रदेश लोक सेवा आयोगले तोकेको रा.प. द्वितिय श्रेणीको अधिकृत – सदस्य

(३) मन्त्रालयले तोकेको रा.प. द्वितिय श्रेणीको अधिकृत – सदस्य

(४) भर्ना छनौट शाखा प्रमुख, प्रदेश प्रहरी कार्यालय – सदस्य सचिव

(२) प्रदेश प्रहरीको पदमा खुल्ला प्रतियोगिताको प्राविधिक र व्यवसायिक परिक्षा समितिबाट देहायको प्रक्रिया अनुरुप गरिनेछ ।

(क) राजपत्राकिंत पदको लागि शारिरीक परिक्षण, गुणमापक (GTO, TO, IO), विस्तृत स्वास्थ्य परिक्षणमा उत्तिर्ण हुने उम्मेदवारहरुलाई अर्को चरणको परिक्षामा समावेश गरिनेछ ।

(ख) राजपत्रअनकिंत पदको (जु.प्र.अ) लागि शारिरीक परिक्षण, गुणमापक (GTO), विस्तृत स्वास्थ्य परिक्षणमा उत्तिर्ण हुने उम्मेदवारहरुलाई अर्को चरणको परिक्षामा समावेश गरिनेछ ।

(ग) प्रहरी जवान पदको लागि शारिरीक परिक्षा विस्तृत स्वास्थ्य परिक्षणमा उत्तिर्ण हुने उम्मेदवारहरुलाई अर्को चरणको परिक्षामा समावेश गरिनेछ ।

(घ) प्रहरी कार्यालय सहयोगीको लागि शारिरीक परिक्षा, प्रयोगात्मक परिक्षा, विस्तृत स्वास्थ्य परिक्षणमा उत्तिर्ण हुने उम्मेदवारहरु लाई अर्को चरणको परिक्षामा समावेश गरिनेछ ।

(३) उपदफा (२) मा उल्लेखित अर्को चरणको परिक्षा पदपुर्ति तथा भर्ना छनौट समितिबाट नै रोष्टरमा रहेका सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत रहेको अन्तरवार्ता समितिबाट गर्नु पर्नेछ । यस समितिमा आवश्यकता अनुसार पदपुर्ति तथा भर्ना छनौट समितिले विशेषज्ञको सहयोग लिन सकिनेछ ।

(४) प्रदेश लोक सेवा आयोग गठन नभए सम्म लोकसेवा आयोगको सहमतिमा लोक सेवा आयोगको प्रतिनिधी पदपुर्ति तथा भर्ना छनौट समितिको सदस्य रहनेछ ।

(५) पदपुर्ति तथा भर्ना छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) अन्तर्वार्ता समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. <u>परीक्षाको पाठ्यक्रमः</u> प्रदेश प्रहरीको खुल्ला प्रतियोगिताद्धारा रिक्त पदमा पदपुर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम प्रचलित प्रहरी सम्बन्धी कानून बमोजिम हुनेछ ।

१३. <u>योग्यता तथा अयोग्यता सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश प्रहरीको विभिन्न पदमा नियुक्तिको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता यस ऐनको अनुसूची (१) बमोजिम हुनेछ ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः—

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको व्यक्ती,



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको व्यक्ती र

(घ) अदालतबाट मानव अधिकार हननमा कसुरदार ठहरिएको व्यक्ती

(३) उपदफा (२) को खण्ड (क) मा लेखिएको कुराले अल्पकालको लागि नेपाल सरकारबाट स्वीकृती लिई गैर नेपाली नागरिकबाट प्राविधिक तथा विशेषज्ञ सेवा प्राप्त गर्न बाधा पुर्याएको मानिने छैन ।

१४. <u>नियुक्तिः</u> (१) प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगिता वा बढुवाद्वारा प्रदेश प्रहरीमा नियुक्तिको लागि सिफारिस भएका देहायका पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रहरी महानिरिक्षक पदमा | -प्रदेश सरकार, मन्त्रिपरिषद् |
| (ख) | राजपत्राकित श्रेणीको पदमा | -मन्त्रालय |
| (ग) | प्रहरी नायब निरिक्षक र प्रहरी सहायक निरिक्षक पदमा | -प्रहरी महानिरिक्षक |
| (घ) | प्रहरी हवल्दार र प्रहरी जवान पदमा | -प्रहरी उपरिक्षक वा सो भन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत |
| (ङ) | कार्यालय सहयोगी पदमा | -प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत |

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपुर्ति तथा भर्ना छनौट समितिको सिफारिसको योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले तीस दिन भित्र नियुक्ति दिनु पर्नेछ ।

१५. <u>परीक्षणकाल:</u> खुल्ला प्रतियोगिताद्धारा पुर्ति गरिने पदमा नियुक्त पाएको प्रहरी कर्मचारीलाई आधारभुत तालिम सम्पन्न भएपछि पुरुषको हकमा एक बर्ष र महिलाको हकमा छ महिना परीक्षणकाल रहनेछ ।तर एक पटक परीक्षण काल पूरा गरी सकेको प्रहरी कर्मचारी निरन्तर सेवामा रही अर्को पदमा खुल्ला प्रतियोगिताद्धारा छनौट भएमा परीक्षणकाल पूरा गर्नु पर्नेछैन ।

१६. <u>नियुक्ति बदर हुने अवस्था:</u> देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारीले प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछ ।

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा र

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली वा प्रचिलत कानून बमोजिमको योगयता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति कुनै पनि समयमा बदर गरी निजले सो सेवा वापत खाईपाई आएको तलब, निजलाई तालिम दिदा लागेको खर्च समेत असूल उपर गरी कानून बमोजिम कारवाही हुनेछ ।

१७. <u>नियुक्ति सदर हुने:</u> परीक्षणकालमा सन्तोषजनक काम गरेमा निजको नियुक्ति स्वतः सदर भएको मानिनेछ ।



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

१८. <u>सपथ ग्रहण:</u> आधारभूत तालिममा उत्तीर्ण भएको प्रहरी कर्मचारीले राष्ट्रिय झण्डा र प्रहरी झण्डा छोई अनुसूची (२) बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नु पर्नेछ ।

१९. <u>आधारभुत तालिम:</u> आधारभुत तालिम सम्बन्धी व्यवस्था प्रचलित प्रहरी सेवा सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. <u>कायम मुकायम, कार्यवाहक र निमित्त:</u> (१) प्रदेश प्रहरीको कुनै पदमा साधारणतय कायम मुकायम मुकरर गरिने छैन ।

तर कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्थामा कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरू मध्ये बढुवाको लागि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ ।

(३) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको दर्ज्यानी चिन्ह र सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(४) देहायको पदमा देहायको अधिकारीले कायम मुकायम मुकरर गर्नु पर्नेछः-

(क) प्रहरी महानिरिक्षक पदमा प्रदेश सरकार,

(ख) प्रहरी नायव महानिरिक्षक, प्रहरी बरिष्ठ उपरिक्षक र प्रहरी उपरिक्षक पदमा सम्बन्धित बढुवा समितिको सिफारिसमा आन्तरीक मामिला तथा कानून मन्त्री,

(ग) प्रहरी नायव उपरिक्षक र प्रहरी निरिक्षक पदमा बढुवा समितिको सिफारिसमा प्रहरी महानिरिक्षक ।

(५) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिना भन्दा बढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायम मुकायम मुकरर नगरिएको अवस्थामा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पद भन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ। त्यसरी तोकिएको सूचना प्रदेश प्रहरी कार्यालय मार्फत प्रहरी प्रधान कार्यालयलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यवाहक भई काम काज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ ।

(७) यस दफा बमोजिम कायम मुकायम मुकरर नगरिएको वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ । यसरी निमित्त भई काम काज गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ।

(८) कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ ।



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

तर पन्ध्र दिन भन्दा कम अवधी कार्यवाहक वा निमित्त भई काम गरे बापत त्यस्तो तलब भत्ता र रासन सुविधा पाउने छैन ।

(९) उपदफा (८) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ताको अङ्क निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन ।

(१०) कुनै एक पदमा एकै अवधिमा एक भन्दा बढी प्रहरी कर्मचारी कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

## परिच्छेद -४

## प्रदेश प्रहरीको तालिम सम्बन्धि व्यवस्था

२१. **आधारभुत तथा बृत्ति विकाश सम्बन्धि तालिमः** प्रदेश प्रहरीको विभिन्न पदमा दिइने आधारभुत, सेवाकालिन तथा विशिष्टकृत र बृत्ति विकाश सम्बन्धि अन्य तालिमहरुको आवश्यकताको पहिचान पाठ्यक्रमको निर्माण, तालिमको अवधि, प्रशिक्षणको लागि आवश्यक पर्ने मापदण्ड र प्रशिक्षण प्रदेश प्रहरी सेवा सम्बन्धी कानूनमा उलेख भए बमोजिम हुनेछ ।

२२. **तालिम लिनु अनिवार्य हुनेः** (१) प्रदेश प्रहरीमा रहेका सबै प्रहरी कर्मचारीहरुले आवश्यकता अनुसार तालिम लिनु अनिवार्य हुनेछ। यस्तो तालिममा समावेश गराईएको प्रहरी कर्मचारीहरुले लापरबाही गरी आफ्नो व्यवसायिक ज्ञान प्रति उदासिनता तथा गैर जिम्मेवारीपुर्ण व्यवहार गरेमा सो व्यहोरा अभिलेखमा जनाईनेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेखमा जनाई सकेपछि निजहरुलाई पूनः एक पटक तालिमको मौका

दिईनेछ । यसरी मौका दिदा समेत उदासिन र गैर जिम्मेवारीपुर्ण व्यवहार गर्ने प्रशिक्षार्थीलाई यस ऐन बमोजिम विभागिय कारबाही गर्न सकिनेछ ।

२३. **तालिम सम्बन्धि अन्य व्यवस्था:** तालिमका परीक्षार्थीहरुले पाउने सुविधा, तालिमको परीक्षा संचालन विधि, तालिम सफलहुँदाको परिणाम (ग्रेडिङ्ग), प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिईने विशेष सुविधा जस्ता व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

२४. **वैदेशिक तालिममा पठाउने:** (१) प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिमका लागि मनोनयन गर्दा संगठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी संगठनबाट सम्भाव्य उम्मेदारको नाम छनौट गरी सिफारिस साथ प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्दछ। यसरी विदेश तालिममा सिफारीस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट कसैलाई भेदभाव नगरी सहभागी हुने समान अवसर पाउने गरी सिफारिश गरिनेछ ।

(२) तालिम सम्बन्धि अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## प्रदेश प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

२५. **बढुवा समिति:** (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायको पदमा बढुवाका लागि सिफारिस गर्ने देहाय बमोजिमका बढुवा समितिहरु रहनेछन:





(क) प्रहरी महानिरिक्षक पदका लागि:

(१) मन्त्री -अध्यक्ष

(२) सचिव, मन्त्रालय -सदस्य

(३) प्रहरी महानिरिक्षक -सदस्य सचिव

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी महनिरिक्षकमा बढुवा गर्दा प्रदेश लोक सेवा आयोगको सहमति लिनु पर्नेछ ।

(ख) प्रहरी नायब महानिरिक्षक, बरिष्ठ प्रहरी उपरिक्षक र प्रहरी उपरिक्षक पदको लागि:

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य -अध्यक्ष

(२) सचिब मन्त्रालय -सदस्य

(३) प्रहरी महानिरिक्षक -सदस्य सचिव

(ग) प्रहरी नायब उपरिक्षक र प्रहरी निरिक्षक पदका लागि:

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य -अध्यक्ष

(२) सचिव, मन्त्रालय - सदस्य

(३) प्रहरी महानिरिक्षकले तोकेको प्रहरी उपरिक्षक -सदस्य

(४) प्रशासन महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(घ) प्रहरी नायब निरिक्षक र प्रहरी सहायक निरिक्षक पदको लागि:

(१) प्रशासन महाशाखा प्रमुख, मन्त्रालय -अध्यक्ष

(२) प्रहरी महानिरिक्षकले तोकेको प्रहरी उपरिक्षक -सदस्य

(३) लोक सेवा आयोगको अधिकृतस्तर प्रतिनिधि -सदस्य

(४) प्रहरी निरिक्षक, प्रशासन शाखा प्रदेश प्रहरी कार्यालय -सदस्य सचिव

(ङ) प्रहरी हवल्दार पदका लागिः

(१) प्रमुख, कर्मचारी प्रशासन शाखा, प्रदेश प्रहरी कार्यालय -अध्यक्ष

(२) प्रहरी महानिरिक्षकले तोकेको प्रहरी नायब उपरिक्षक -सदस्य

(३) प्रहरी निरिक्षक, प्रशासन शाखा -सदस्य सचिव

(२) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदारहरु मध्ये सबैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ ।

(३) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सुची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(४) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्धारा पदपुर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्धारा पदपुर्ति गरी सक्नु पर्नेछ।





२६. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुनेः</u> (१) प्रदेश प्रहरीको रिक्त पदमा बढुवाद्धारा पदपुर्ति हुने पदको उम्मेदवार हुन बढुवा हुने पद भन्दा तल्लो पदमा न्युनतम चार बर्ष सेवा अवधी पुरा भएको हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी महानिरिक्षक पदमा बढुवा हुन न्युनतम सेवा अवधिको हद लाग्ने छैन ।

(३) बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>बढूवाको सम्भाव्य उम्मेदवार हुन नपाउनेः</u> (१) दफा २६ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्था र अवधीभर प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई बर्षसम्म,

(ङ) खाईपाई आएको तलब बृद्धि घटुवा भएकोमा जति बर्षको तलब बृद्धि घटुवा भएको हो त्यति बर्षसम्म,

(च) जेष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले चार बर्ष सम्म,

(छ) बहाल रहेको पदमा तिन पटक भन्दा बढी नसिहत पाएको भए निज सम्भाव्य उम्मेदवार भएको मितिले दुई बर्षसम्म,

(ज) पदमा पुनर्वहाली भएको प्रहरी कर्मचारीको हकमा पुनर्वहाली भई तोकिएको तालिम प्राप्त भएको एक बर्षसम्म,

(झ) कुनै कसुरको सम्बन्धमा छानविन समितिबाट छानविन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाई नपाए सम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर,

(ट) तोकिए बमोजिमको स्वास्थ्य परिक्षणको मापदण्ड पूरा नगरेको ।

(ठ) तोकिएको दर्जाको लागि तोकिएको तालिम पूरा नगरेको वा अनुत्तिर्ण भएको ।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. <u>बढुवाका आधारः</u>(१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता वापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ ।



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मुल्यांकन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिईनेछः

| | |
|---|---|
| (क) कार्यसम्पादन मुल्यांकन वापत | -४० अङ्क |
| (ख) ज्येष्ठता वापत | -३०अङ्क |
| (ग) शैक्षिक योग्यता वापत | -८ अङ्क |
| (घ) तालिम वापत | -१५ अङ्क |
| (ङ) चुनौतीपुर्ण वा विशेष जिम्मेवारी वापत | -२.५ अङ्क |
| (च) बढुवा समितिले दिने | -४.५ अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मुल्यांकन वापत अङ्क गणना गर्दा असार मसान्त सम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा वढुवा समतिको बैठक बस्नु भन्दा अघिल्लो दिनसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

२९. <u>कार्य सम्पादन मुल्यांकनः</u> कार्य सम्पादन मुल्यांकन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. <u>जेष्ठताः</u> (१) प्रहरी कर्मचारीलाई जेष्ठता वापतको अङ्क दिदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक बर्षका लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा ३० अङ्क दिईनेछ ।

तर,

(क) एक वर्ष भन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसावले अङ्क दिइनेछ ।

(ख) गयलकट्टि भएको अवधीको जेष्ठता वापतको अङ्क दिईने छैन ।

३१. शैक्षिक योग्यता: (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा आठ अङ्क दिइनेछ:

| शैक्षिक योग्यता | अङ्क |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत | ६ |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता वापत थप | २ |

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल प्रहरी सेवाको कार्यसँग सम्बन्धित तोकिएका विषयहरुमा स्वीकृति लिई प्राप्त शैक्षिक योग्यता वापतको अङ्क मात्र जोडिनेछ ।

(३) उपदफा ३ मा जेसुकै लेखिएको भएता पनि सेवा प्रवेश गर्नु अगावै तोकिएका बिषयहरूमा प्राप्त शैक्षिक योग्यताको हकमा भने अङ्क प्रदान गरिनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत साधारण लेखपढ गर्न जान्ने मात्र शैक्षिक योग्यता तोकिएको पदमा नियुक्ति भएका प्रहरी कर्मचारीहरुको शैक्षिक योग्यताको मूल्याङ्कन गर्दा एस.एल.सी./एस.ई.ई. वा सो भन्दा मुनिको योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानी अङ्क प्रदान गरिनेछ ।

(५) उपदफा (४) बमोजिम नियुक्त भएका प्रहरी कर्मचारीको एस.एल.सी. वा एस.ई.ई. वा सो भन्दा माथिको योग्यतालाई माथिल्लो तहको शैक्षिक योग्यता मानी अङ्क प्रदान गरिनेछ ।





३२. तालिम: (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको देहाय बमोजिमको कुनै तीन तालिम वापत देहाय बमोजिम बढीमा पन्ध्र अङ्क प्रदान गरिनेछ ।

| तालिमको किसिम | श्रेणी(क) | श्रेणी(ख) | श्रेणी(ग) | बढीमा |
|---|---|---|---|---|
| (क) आधारभूत बेसिक तालिम वापत | ३ अङ्क | २.५ अङ्क | २ अङ्क | ३ अङ्क |
| (ख)ट्याक्टिकल, अप्रेशेनल र स्ट्राटेजिक तहमा प्रदान गरिने प्रहरी कार्बही व्यवस्थापन र नेतृत्व तालिम बापत | ८ अङ्क | ७.५अङ्क | ७ अङ्क | ८ अङ्क |
| (ग) विशिष्टीकृत र सेवाकालिन तालिम | ४ अङ्क | ३.५अङ्क | ३ अङ्क | ४अङ्क |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यी तालिमहरु सम्बन्धी व्यवस्था प्रदेश प्रहरी सेवाका राजपत्र अनकित प्रथम श्रेणी र सो भन्दा माथि को बढुवा को हकमा मात्र लागु हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी कर्मचारीलाई तालिम वापतको अङ्क दिंदा एक्काईस दिन भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन ।

(४) श्रेणी नखुलेको तालिम वापत कुनै प्रहरी कर्मचारीको अङ्क गणना गर्दा (ख) श्रेणी बराबरको अङ्क गणना गरिनेछ ।

(५) कुनै प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको अङ्क दिइनेछ ।

(६) प्रहरी नायब निरिक्षक पदमा बढुवा गर्दा प्रहरी सहायक निरिक्षक पदमा गरेको तालिम र प्रहरी निरिक्षक पदमा बढुवा गर्दा प्रहरी सहायक निरिक्षक र प्रहरी नायब निरिक्षक पदमा गरेको तालिमको अङ्क गणना गरिनेछ ।

(७) प्रहरी नायब उपरिक्षक पदमा बढुवा गर्दा प्रहरी निरिक्षक पदमा गरेको तालिम र प्रहरी उपरिक्षक पदमा बढुवा गर्दा प्रहरी निरिक्षक र प्रहरी नायब उपरिक्षक पदमा गरेको तालिमको अङ्क गणना गरिने छ ।

(८) उपदफा (१) को प्रयोजनको लागि प्रहरी कर्मचारीलाई तोकिए बमोजिमका तालिम दिइनेछ ।

(९) वरिष्ठ प्रहरी उपरिक्षक पदमा बढुवा गर्दा प्रहरी नायब उपरिक्षक र प्रहरी उपरिक्षक पदमा प्राप्त गरेको तालिम वापतको अङ्क गणना गरिनेछ ।

(१०) प्रहरी महानिरिक्षक पदमा बढुवा गर्दा प्रहरी नायव महानिरिक्षक, वरिष्ठ प्रहरी उपरिक्षक र प्रहरी उपरिक्षक पदमा प्राप्त गरेको तालिम वापतको अङ्क गणना गरिनेछ ।

(११) प्रदेश प्रहरी सेवाका राजपत्राकिंत अधिकृतहरुलाई तोकिएको माथिल्लो श्रेणीमा बढुवा गर्दा तोकिए बमोजिमको प्रवेश परीक्षा उत्तिर्ण भएका प्रहरी कर्मचारीहरुलाई तोकिएको विशेष तालिम पश्चात मात्र बढुवाको प्रयोजनको लागि सम्भाव्य उम्मेदवार बनाईनेछ ।



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

(१२) उपदफा (१) को खण्ड (ख) मा जून सूकै कुरा लेखिएको भएता पनि उल्लेखित तालिम सम्पन्न नगरेका प्रहरी कर्मचारीहरुलाई कार्यालय प्रमूखको रुपमा खटाईने छैन ।

(१३) उपदफा (१) को खण्ड (ख) मा जून सूकै कूरा लेखिएको भएता पनि उल्लेखित तालिम तोकिएको दर्जाले तोकिए बमोजिमको तालिम पूरा नगरी माथिल्लो दर्जामा बढुवा का लागि सम्भाव्य उम्मेदवार हुने छैन तर यो व्यवस्था यो ऐन लागु भएको तीन बर्ष पछि मात्र लागु हुनेछ ।

३३. <u>चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी वापतको अंकः</u> (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे वापत अङ्क लिंदा देहाय बमोजिम बढीमा दुई दशमलव पाँच अङ्क दिइनेछः

| | | |
|---|---|---|
| (क) | अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत | -२.५ अङ्क |
| (ख) | मध्यम स्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत | -२ अङ्क |
| (ग) | सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी वापत | -१.५ अङ्क |

(२) उपदफा (१) खण्ड (क) र (ख) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापतको अङ्क गणना गर्दा जुन पदमा रहँदा अङ्क प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ । अङ्क प्रदान गर्दा के

कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी वापत अङ्क प्रदान गरिएको सो समेत स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत अङ्क दिने आधार, मूल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. <u>बढुवा समितिले दिने अङ्क:</u> (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई ४.५ सम्म अङ्क प्रदान गर्नेछ यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट बढुवा समितिले अङ्क निर्धारण गर्नेछ ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै प्रहरी कर्मचारीलाई दुई भन्दा कम वा चार भन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यसम्पादनमा प्राप्त गरेको अङ्क, निजले हालको पदमा प्राप्त गरेको पुरस्कार तथा पाएको सजाँय समेतलाई आधार लिनु पर्नेछ ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।





३५. <u>बढुवा उपरको उजुरी:-</u> बढुवा उपरको उजुरी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. <u>बढुवा सम्बन्धि विशेष व्यवस्था:</u> (१) एउटै पदमा बाह्र वर्ष सेवा अवधि पुरा गरेका र कार्यसम्पादनमा कैफियत नजनिएका प्रहरी कार्यालय सहयोगी देखि प्रहरी उपरिक्षक दर्जासम्मका प्रहरी कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकास हुने भएमा अवकास हुनु भन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ ।

(क) उपदफा (१) वमोजिम बढुवा भएको प्रहरी कर्मचारीको पदस्थापना गर्न आवश्यक पर्ने विशेष तह र पद स्वतः सिर्जना भएको मानिनेछ र त्यस्तो प्रदेश प्रहरी सेवाबाट अवकास भएपछि सो तह र पद स्वतः खारेज हुनेछ ।

(ख) उपदफा (१) अनुसार हुने बढुवाको लागि सिफारिस गर्ने तत् तत् पदका लागि गठन हुने बढुवा समितिको सिफारिसमा गरिनेछ । अधिकृत पदमा गरिने यस्तो बढुवाको निर्णय गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ ।

(ग) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनु भन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधा भन्दा घटी नहुने गरी सुविधा दिइनेछ ।

(२) देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई तोकिएको बढुवा समितिको सिफारिसमा प्रहरी महानिरिक्षकले राजपत्र अनकिंत पदसम्म एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र तथा आफ्नो सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवि उच्च राख्न विशेष योगदान पुरयाएको,

(ग) प्रहरी सेवामा रही कर्तव्य पालनको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रुपमा अशक्त भई सेवाबाट अवकाश लिनुपर्ने अवस्थाको, र

(३) उपदफा (२) अनुसार बढुवा गर्दा बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ ।

## परिच्छेद - ६

## सरुवा र काज

३७. **सरुवाः** (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरूप प्रहरी कर्मचारीको सरूवा नियमित रूपमा गरिनेछ ।





(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र बिशिष्टिकृत समुहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ ।

(३) सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन प्रदेश प्रहरी कार्यालयले सरुवा समय तालिका समेत समावेश गरी मापदण्ड बनाउनेछ र सो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(४) प्रहरी कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **सरुवा गर्ने अधिकारीः** प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(क) प्रहरी नायव महानिरिक्षक, बरिष्ठ प्रहरी उपरिक्षक र प्रहरी उपरिक्षकलाई प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयबाट,

(ख) प्रहरी नायब उपरिक्षक र प्रहरी निरिक्षकलाई प्रदेश प्रहरी महानिरिक्षकबाट,

(ग) प्रहरी जवान देखि प्रहरी नायब निरिक्षक सम्मका प्रहरी कर्मचारीलाई र बरिष्ठ प्रहरी उपरिक्षक बाट,

३९. **काज सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीलाई आवश्यकतानुसार काजमा खटाउन सकिनेछ ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४०. **प्रहरी हरहमेसा तयारी हालतमा रहनुपर्ने:** (१) प्रहरी नियमित डिउटीमा रहेको अवस्थामा बाहेक सामान्यतया रिजर्भमा रहेको मानिनेछ, संगठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा जवानहरुलाई हाजिर हुन जानकारी गराउन सकिनेछ यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी अधिकृत तथा जवानहरुले संगठनले तोकेको कुनै पनि इकाईमा हाजिर हुनु पर्नेछ ।

(२) प्रहरी अधिकृत तथा जवानहरु डिउटीमा तैनाथ रहनु पर्ने समयावधी र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४१. **प्रहरी अधिकृत तथा जवानहरुले प्रयोग गर्न पाउने अख्तियार:** (१) प्रहरी अधिकृत तथा जवानहरुले पनि यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्ट गरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ।

(२) यस ऐन बमोजिम प्रहरी अधिकृत तथा जवानहरुले पाएको अख्तियार निजभन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत तथा जवानहरुले समेत प्रयोग गर्न पाउने छन् ।

४२. **प्रहरी अधिकृत तथा जवानहरुको काम कर्तव्य र अधिकार:** (१) यस ऐन र प्रचलित कानूनको अधिनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) प्रदेशभर शान्ति सुव्यवस्था कायम गरी नागरिकको जिउ धनको सुरक्षा गर्ने ।





(ख) अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान गर्ने ।

(ग) अपराधिक गतिविधि लगायतका अन्य सूचनाहरु संकलन गर्ने ।

(घ) कानून बमोजिम पक्राउ गरी नियन्त्रणमा लिनुपर्ने व्यक्तिलाई पक्राउ गरी नियन्त्रणमा लिने ।

(ङ) मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने ।

(च) सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानून कार्यान्वयन गर्ने ।

(छ) कारागारको सुरक्षा गर्ने ।

(ज) विमानस्थलको सुरक्षा गर्ने ।

(झ) स्वदेशी तथा विदेशी विशिष्ट व्यक्ति तथा प्रदेश सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र स्थलको सुरक्षा गर्ने ।

(ञ) प्रदेशको कुनै भागमा भएको वा हुन सक्ने विपद् र महामारी पिडितको उद्धारमा सहयोग पुऱ्याउने।

(ट) प्रदेशको कुनै भागमा भएको वा हुनसक्ने सशस्त्र संघर्ष, सशस्त्र विद्रोह, पृथकतावादी गतिविधि, आतंककारी गतिविधि तथा दंगा फसाद नियन्त्रण गर्ने ।

(ठ) अनियन्त्रीत भिड तथा जुलुस नियन्त्रण गर्ने ।

(ड) यस ऐन तथा प्रचलित अन्य कानूनको अधिनमा रही कर्तव्य पालन गर्दा आवश्यकता अनुसारको उचित बल प्रयोग गर्ने ।

(ढ) प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीको कानूनी आदेश पालना गर्ने ।

(त) वृद्ध, अशक्त, असहाय व्यक्तिलाई यथाशक्य सहयोग गर्ने ।

(थ) महिला तथा बालवालिकाहरुको हकहितको संरक्षण तथा सुरक्षाका लागि विशेष प्राथमिकतामा राखी काम कारवाही गर्ने ।

(द) कुनै चल, अचल सार्वजनिक सम्पत्तिमा आफ्ना सामुन्ने हानी नोक्सानी हुन लागेको देखेमा त्यस्तो हानी नोक्सानी रोक्न हरसम्भव प्रयास गर्ने ।

(ध) यस ऐन तथा अन्य प्रचलित कानूनले तोके बमोजिमका अन्य काम कारवाही गर्ने ।

(२) प्रदेश सरकारले तोकेको अन्य काम गर्ने ।

४३. <u>पक्राउ गर्न सक्ने अधिकार:</u> (१) प्रचलित कानून बमोजिम कसैलाई पक्राउ गर्नु पर्ने भएमा कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्रहरीले प्रकाउ गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक अन्य अवस्थामा कसैलाई प्रक्राउ गर्नु पर्ने भएमा प्रहरीले





सम्बन्धित तोकिएको अधिकारी समक्ष सो कुराको प्रतिवेदन गर्न सक्नेछ र यसरी गरिएको प्रतिवेदन उपर सम्बन्धित अधिकारीबाट पक्राउ आदेश जारी हुन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पक्राउ पुर्जी जारी हुनु पुर्व नै पक्राउ गर्नु पर्ने मुनासिव कारण भएमा पक्राउ गरिसकेपछि सो को प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी अधिकृत तथा जवानहरुले देहायका व्यक्तिलाई पक्राउ पुर्जी वा आदेश नभए पनि गिरफ्तार गर्न सक्नेछः

(क) ३ बर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संग्लग्न भएको वा त्यस्तो सजाय हुने अपराधमा संलग्न भएको हुन सक्ने शंकास्पद व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय तोकी फरार रहेको अपराधी,

(ग) कर्फूय लागेको समयमा शंकास्पद तरिकाले हिडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिव कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजबस्तु साथमा लिई हिडेको व्यक्ति,

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) नेपाली सेना, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल र प्रदेश प्रहरी सेवा छाडी भागेको व्यक्ति,

(छ) यस ऐनको परिच्छेद (१२) मा लेखिए बमोजिम हुने अपराध गरेको छ भन्ने मुनासिब शंका भएको व्यक्ति,

(ज) कसुर प्रमाणित भई कैद वा जरिवानाको फैसला पश्चात सो बमोजिमको सजाँय भुक्तान नगरेका व्यक्ति,

(५) कानून बमोजिम पक्राउ गर्नु पर्ने वा गम्भिर अपराधमा संग्लग्न भएको मनासिव कारण भएको कुनै पनि व्यक्तिलाई प्रहरीले पक्राउ गर्नु पर्ने भएमा सो कुरा प्रस्ट रुपमा खोली प्रचलित कानून बमोजिम प्रहरी नियन्त्रणमा आउन अनुरोध गर्नेछ । प्रहरीले अनुरोध गर्दा नमानी बलजफ्ती गर्ने वा भाग्ने वा उम्कने वा सो को प्रयास गर्ने व्यक्तिलाई प्रहरीले आत्मसमर्पण गर्ने जनाउ दिई आवश्यकता अनुसार बलपुर्वक आफ्नो नियन्त्रणमा लिनुपर्ने छ। प्रहरीले नियन्त्रणमा लिने क्रममा प्रहरी माथी नै आक्रमण गर्ने वा हमला गरी चोट पुर्याउने कार्य गरेमा त्यस्ता व्यक्तिको विरुद्धमा प्रहरीले प्रचलित कानून बमोजिम आवश्यक न्यूनतम बल प्रयोग गर्न सक्नेछ ।

(६) उपदफा (१), (२) वा (३) बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।





४४. <u>प्रहरी कार्यालयले अभिलेख राख्नु पर्ने</u>: (१) प्रहरी कार्यालयहरुले दैनिक रुपमा सम्पादन गरिएको कार्यहरुको विवरण तोकिए बमोजिमको ढाचामा अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण अधिकार प्राप्त अधिकारीले गर्न सक्ने छ ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी संगठनको तोकिएको कार्यालयले अध्यावधिक गरी दुरुस्त हालतमा राखुपर्नेछ ।

(४) नेपाल प्रहरीलाइ आवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ।

## परिच्छेद -८

## प्रदेश प्रहरी कर्मचारीहरुको तलव, भत्ता तथा अन्य सुविधा

४५. <u>प्रहरी कर्मचारीहरुले पाउने सुविधा</u>: (१) प्रहरी कर्मचारीहरु पाउने तलब भत्ता, रासन चाडवाड खर्च तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

(२) प्रहरी कर्मचारीहरुले सेवा अवधीभरमा राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी बिहिन प्रहरी भए एक्काईस महिना बराबरको खाइपाई आएको तलब बराबरको रकम उपचार खर्च वापत तोकिएको प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ ।

(३) सञ्चय कोष सम्बन्धी व्यवस्था प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन

आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी संचय कोषमा जम्मा गरी दिनेछ ।

४६. **बीमा सम्बन्धी व्यवस्था:** (१) प्रत्येक प्रहरी कर्मचारीको मासिक तलबबाट तोकिए बमोजिम रकम कट्टा गरी तोकिए बमोजिमको कोषमा जम्मा गरिनेछ र त्यति नै रकम प्रदेश सरकारले थप गरी बीमाङ्क रकम तोकिए बमोजिम रुपैयाँको बीस वर्षे सावधिक जीवन बीमा गरिनेछ । सो बीमा कोषमा जम्मा भएको रकम मध्येबाट प्रहरी कर्मचारी सेवा निवृत्त हुँदा निजलाई बीमाङ्क रकम र बोनस भुक्तानी दिईनेछ ।

(२) बीमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -९

## प्रदेश प्रहरी सेवाका कर्मचारीहरुको अवकाश, उपदान तथा निवृत्तभरण

४७. **अनिवार्य अवकाश:** (१) प्रहरी कर्मचारीहरु उमेरको हद तथा पदावधि मध्ये जुन पहिला पुरा हुन्छ, सोही मितिबाट अवकाश हुनेछन ।

(२) देहायका प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सरकारी सेवाबाट स्वतः अवकाश पाउनेछः

(क) देहायको पदमा बहाल रहेका प्रदेश प्रहरी अधिकृत तथा जवानहरुको देहाय बमोजिम उमेर पूरा भएमाः





(१) बरिष्ठ प्रहरी उपरिक्षक वा सो भन्दा माथि ५८ वर्ष

(२) प्रहरी निरिक्षक देखि प्रहरी उपरिक्षक सम्म ५६ बर्ष

(३) प्रहरी कार्यालय सहयोगी देखि प्रहरी नायव निरिक्षक सम्म ५५ वर्ष

(ख) देहायका पदमा देहायको अवधि सम्म बहाल रहेको प्रदेश प्रहरी अधिकृत तथा जवानहरुले सो अवधी भुक्तान गरेको आधारमाः

(१) प्रहरी महानिरिक्षक ३ बर्ष

(२) प्रहरी नायव महानिरिक्षक ५ वर्ष

(३) प्रहरी बरिष्ठ उपरिक्षक ६ वर्ष

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नती हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश प्रहरी सेवाको प्राविधिक समुहसँग सम्बन्धित प्राविधिक प्रहरी कर्मचारीहरुको हकमा निजहरु शारिरीक रुपमा सक्षम रहेका, सम्बन्धित बिषयमा योग्य, संगठनलाई निजको सेवाको आवश्यकता देखिएमा मनासिब आधार र कारण खोली त्यस्ता समुहका प्रहरी कर्मचारीलाई प्रत्येक पदमा लागु हुने पदावधि भन्दा दुई बर्ष

थप भएको अवस्थामा सोही प्रक्रियाबाट पदावधि थप गरी गणना हुनेछ ।

(३) प्रदेश प्रहरी कर्मचारीको उपदान, निबृत्तिभरण, अवकाश तथा स्वेच्छिक अवकाश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश प्रहरी कर्मचारीहरु तथा तिनका परिवारहरुले उपदान, निबृत्तिभरण, पारिवारीक निबृत्तिभरण तथा उपदान, असाधारण पारिवारीक निबृत्तिभरण र उपदान, सन्ततीबृत्ति र शैक्षिकबृत्ति, अशक्तबृत्ति प्राप्त गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. <u>राजीनामा दिन सक्ने:</u> (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ ।

(२) प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिम हुनेछ ।

४९. <u>नोकरी छोड्न नपाउने:</u> (१) कुनै पनि प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन ।
तर कुनै प्रहरी कर्मचारीलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली राजपत्राङ्कित प्रहरी कर्मचारीले प्रदेश सरकार समक्ष र राजपत्र अनङ्कित प्रहरी कर्मचारीले प्रहरी महानिरिक्षक समक्ष निवेदन दिनु पर्नेछ ।





(२) उपदफा (१) बमोजिम पेश भएको निवेदनमा उल्लेखित भएको कारण मनासिब भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सकिनेछ ।

(३) उपदफा (१) विपरित नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकारबाट लगानी भएको स्वदेश तथा विदेशमा गराईने आधारभुत तालिम लगायतका रकम असुल उपर गरिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सेवा गरे वापत निजले पाएको तलब रासन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान वापतका रकमहरु असुल उपर गरिनेछैन ।

## <u>परिच्छेद-१०</u>

## <u>आचरण</u>

५०. <u>दान, दातव्य, उपहार लिन नहुने:</u> (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी अधिकृत तथा जवानहरु र निजको परिवारका सदस्य समेतले प्रदेश सरकारको पूर्व स्वीकृति बिना स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिनु हुँदैन ।

(२) प्रहरी अधिकृत तथा जवानहरुले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई आदेश भए बमोजिम गर्नुपर्छ ।

५१. **चन्दा लिन नहुने:** प्रदेश प्रहरी कर्मचारीहरुले प्रदेश सरकारको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

५२. **सम्पत्तिको विवरण दिनु पर्ने:** प्रत्येक प्रहरी कर्मचारीहरुले प्रदेश सरकारले तोकेको फाराममा आफ्नो सम्पति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित कार्यालय मार्फत प्रदेश प्रहरी किताबखानामा बुझाउनु पर्नेछ ।

तर नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीहरु त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्नेछ ।

५३. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने:** प्रहरी कर्मचारीहरुले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न,

५४. **सरकारी काममा थाहा पाएका कुराहरु प्रकाश गर्नमा प्रतिबन्ध:** प्रहरी कर्मचारीहरुले प्रदेश सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा सरकारी अथवा गैरसरकारी साधनहरूबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनाधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

कारणले प्रदेश प्रहरी संगठनबाट अलग रहेको व्यक्तिको हकमा समेत लागू हुनेछ ।

५५. **रेडियो, टेलीभिजन, पत्रपत्रिका, सामाजिक संजाल वा विद्युतिय संचार माध्यम वा अन्य संचार माध्यम संग सम्पर्क राख्न नहुने:** (१) प्रहरी कर्मचारीहरुले प्रदेश सरकारको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलीभिजन, पत्रपत्रिका, सामाजिक संजाल वा विद्युतिय संचार माध्यम वा अन्य संचार माध्यममा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन । तर प्रदेश प्रहरी संगठनको प्रवक्ताको रुपमा तोकिएको प्रहरी अधिकृतले सम्बन्धित प्रहरी संगठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

५६. **नेपाल सरकार तथा प्रदेश सरकारको आलोचना गर्न नहुने:** (१) प्रहरी अधिकृत तथा जवानहरुले नेपाल सरकार तथा प्रदेश सरकारको नीति विरुद्ध असर पर्ने गरी अथवा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबिचको पारस्परिक सम्बन्धमा अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा

बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलीभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकार तथा प्रदेश सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

५७. <u>निर्वाचनमा भाग लिन नहुने:</u> प्रहरी अधिकृत तथा जवानहरुले कुनै राजनीतिक पदका लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

५८. <u>राजनीतिमा भाग लिन नहुने:</u> प्रहरी कर्मचारीहरुले कुनै राजनीतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन । साथै प्रहरी संगठनबाट अवकास प्राप्त गरेको २ बर्ष सम्म राजनीतिक संगठनमा संलग्न हुन पाइने छैन।

५९. <u>प्रेसको सहारा लिन नहुने:</u> कुनै प्रहरी अधिकृत तथा जवानहरुले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनको सम्बन्धमा लगाईएको आरोपको निमित्त प्रेस अथवा सञ्चारको सहारा लिन हुँदैन ।





तर यस नियमले प्रहरी अधिकृत तथा जवानहरुको आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाई दिन पाउने अधिकारमा कुनै असर पुर्याएको मानिने छैन ।

६०. <u>समय पालन र नियमितता:</u> प्रहरी अधिकृत तथा जवानहरुले ठीक समयमा तथा नियमित रूपले आफ्नो पालोमा हाजिर हुनु पर्दछ र साधारणतया पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

६१. <u>अनुशासन र आज्ञापालन:</u> (१) प्रहरी अधिकृत तथा जवानहरुले आफ्नो कर्तव्य, इमान्दारीता तत्परताको साथ पालना गर्नु पर्दछ ।

(२) प्रहरी अधिकृत तथा जवानहरुले आफ्नो सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्दछ ।

(३) प्रहरी कर्मचारीहरुले आफू भन्दा माथिका सबै अधिकृतहरू प्रति उचित आदर देखाउनु पर्नेछ र आफू मातहतका प्रहरी कर्मचारीहरू प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

६२. <u>प्रहरी कर्मचारीहरुले बाहिरी प्रभाव पार्न नहुने:</u> प्रहरी अधिकृत तथा जवानहरुले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफू भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

६३. <u>लैङ्गिक सवेदनशील हुनु पर्ने:</u> प्रहरी कर्मचारीहरु काम, कारवाही र व्यवहारमा लैङ्गिक संवेदनशील हुनु पर्नेछ ।

६४. <u>कानून विपरित विवाह गर्न नहुने:</u> प्रहरी कर्मचारीहरुले बिहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

६५. <u>हातपात वा जोरजुलुम गर्न नहुने:</u> कुनै प्रहरी अधिकृत तथा जवानहरुले मातहत प्रहरी अधिकृत तथा जवानहरु उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

६६. <u>स्थायी आवासीय अनुमति लिन नहुने:</u> (१) प्रहरी अधिकृत तथा जवानहरुले अन्य कुनै देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।

(२) कुनै प्रहरी अधिकृत तथा जवानहरुको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएमा अनुमति लिएको तीस दिन भित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम,

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ ।





## परिच्छेद-११

## विभागीय सजाय तथा पुनरावेदन

६७. <u>विभागीय सजाय:</u> उचित र पर्याप्त कारण भएमा प्रहरी अधिकृत तथा जवानहरुलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ:

(क) सामान्य सजाय

(१) शारीरिक परिश्रम हुने सजाय गर्ने वा नियन्त्रणमा राख्ने,

(२) नसिहत दिने,

(३) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(६) खाइपाई आएको बढीमा पाँच तलबवृद्धिसम्म रोक्का गर्ने,

(७) हालको पदको जेष्ठतासहित खाइपाई आएको शुरु स्केलमा घटुवा गर्ने,

(८) तल्लो पदमा घटुवा गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने, र

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

६८. <u>शारीरिक परिश्रम गराउने वा नियन्त्रणमा राख्ने वा नसिहत दिने वा प्रतिकूल राय लेख्ने:</u> देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानहरुलाई यातना नहुने गरी शारीरिक परिश्रम गराउन वा नियन्त्रणमा राख्न वा नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेख्न सकिनेछ:

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालीममा खटाउँदा नगएको वा तालीम अवधिमा लापरवाही गरी गैरजिम्मेवारपूर्वक व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पीरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफुभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दूर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका वखत मनासिब आधार र कारण विना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा,

(छ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा ।

६९. <u>बढीमा पाँच वर्ष सम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्कागर्ने:</u> देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरवाही गरेमा,





(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीयदायित्व जिम्मेवारी पूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

७०. <u>बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा शुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने:</u> देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरीकर्मचारीले खाइपाई आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्न वा हालको पदको जेष्ठता सहित खाइपाई आएको शुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्ष भित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरवाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर वाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिवाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा,

७१. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने:</u> (१) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः

(क) आफ्नो पदीय जिम्मेवारीमा पटक-पटक लापरवाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु पटक-पटक उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा पटक-पटक मादक पदार्थ सेवन गरेमा,

(घ) पटक-पटक अनुशासनहीन काम गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैदसजाय भएमा,

तर सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून वमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिना भन्दा कम कैदसजाय भएको प्रहरी



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

कर्मचारीलाई प्रहरी सेवाबाट हटाईने छैन ।

(ज) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा,

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) अन्य देशको स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) प्रहरी विशेष अदालतवाट दोषी ठहरिएमा ।

७२. <u>कार्यालयमा अनुपस्थित भएमा वा झुठ्ठा विवरण पेश गरेमा हुने कारबाही:</u> (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयलकट्टी भएको अवधी अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन ।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर जनाई गैर हाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ ।

७३. <u>सजाय सम्बन्धी कार्यविधिः</u> (१) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ । साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ, सो समेत खुलाउनु पर्नेछ । आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लेखित म्यादभित्र आफ्नो सफाई लिखित रुपमा पेश गर्नु पर्नेछ ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाई पेश गर्न दिईएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टिकरण माग्नुपर्नेछ ।

(३) भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा वर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको प्रहरी विशेष अदालतबाट ठहर गरी कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिए पुग्नेछ ।





(४) सजायको आदेश दिन पाउने अधिकारीले कुनै प्रहरी कर्मचारीले कसूर गरेको सम्बन्धमा जाँचबुझ गराउन आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित प्रहरी कर्मचारीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा भएको सबुद प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवावाट हटाउने दर्जा वा तलव घटाउने आदेश दिंदा सो गर्नाको आधार सहितको अभियोग, सो वारे जाँचवुझ गरेको व्यहोरा, निजलाई सफाईको मौका दिएकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिमको केही वुझिएको भए सो समेत वारे आफ्नो ठहर लेखी सफाईको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राखु पर्छ ।

७४. <u>निलम्बनः</u> (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ । यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधी छ महिनाभन्दा बढी हुने छैन । निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछः-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठन भित्रका कर्मचारीहरूमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा ।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको प्रहरी कर्मचारीले पाउने तलबभत्ताको आधा रकम मात्र पाउनेछ ।

(५) कुनै फौजदारी अभियोगमा वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाई पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ ।





तर, निलम्बित प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बन रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टागरी र नपाएको भए पूरै तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसूरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

(६) कुनै प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरूप निलम्बन भएको नभई अरू नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

तर निजले अभियोगबाट सफाई पाएमा उक्त निलम्बन अवधीभरको तलबभत्ता पाउनेछ ।

(७) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वा प्रदेश सरकारवादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकार प्राप्त निकायले निलम्बनका लागि लेखी पठाएमा त्यस्तो प्रहरी कर्मचारीलाई अधिकार प्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सो को जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

(८) शुरु अदालतबाट सफाई पाएको कुनै प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहरभएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ । त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको

तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

७५.सफाईको मौका दिनु नपर्नेः (१) कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवाबाट हटाउनु पर्ने भएमा प्रहरी विशेष अदालत बमोजिम नोकरीबाट हटाउने वा वर्खास्त गर्न सक्ने अधिकार पाएको अधिकारीले पर्चा खडा गरी सेवाको अन्त्य गर्न सक्नेछ । यसरी सेवाबाट हटाउँदा दफा ९० बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैनः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) प्रदेश सरकारले गठन गरेको मेडिकल वोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहर्याएमा ।

७६.पुनरावेदनः पुनरावेदन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७७. सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ ।

७८. पुनर्वहाली भएमा पाउने सुविधाः (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाईएको वा बर्खास्त गरिएको मिति देखि पुनः कायम भएको मिति सम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ ।





तर भगौडा वा गैर हाजीर भै सेवावाट हटाईएको वा वर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन ।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलबभत्ता वापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ ।

(३) शुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा बिभागीय कारवाहीभई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाई पाएमा निज सेवामा पुनर्वहाली हुनेछ ।

## परिच्छेद-१२
## कसूर तथा सजाय

७९. कसूरः कुनै प्रहरी कर्मचारीले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(क) सशस्त्र विद्रोहमा सरिक भएमा,

(ख) नेपाल राज्यको सार्वभौमसत्ता वा भौगोलिक अखण्डता वा अक्षुण्णतामा खलल पर्नसक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा,

(ग) आफ्नो जिम्मामा रहेको सरकारी वा कसैको हातहतियार वा खरखजाना

बेचबिखन गरेमा वा गलत मनसायबाट अरु कसैलाइ सुम्पिएमा,

(घ) आफूले प्रयोग गरिरहेको वा जिम्मामा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा वा दुरुपयोग गरेमा,

(ङ) आतङ्ककारी गतिबिधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सघाएमा,

(च) सुरक्षासँग सम्बन्धित सूचना तथा खबरहरु राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनाधिकारिक व्यक्ति, संस्था वा समुहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाइ त्यस्तो गर्न दुरुत्साहन गरेमा,

(छ) आफ्नो जिम्मामा रहेको हातहतियार गम्भिर लापरवाहीपुर्वक हराएमा वा जानीजानी बिगारेमा,

(ज) आफू खटिएको वा आफूले रक्षा गर्नु पर्ने सार्वजनिक महत्वको भवन, संरचना वा स्थल, कार्यालय वा अन्य कुनै स्थानमा हुलदङ्गा गरेमा,

(झ) आक्रमणकारीले आक्रमण गरेका बखत कायरतापूर्वक भागेमा,

(ञ) लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोडेमा वा कुनै किसिमले





धनमाल लुटेमा वा हानी, नोक्सानी वा क्षति गरेमा,

(ट) आफ्नो जिम्मामा रहेको थुनुवा वा कैदीलाई जानी जानी भाग्न दिएमा वा भगाएमा,

(ठ) ड्युटीमा रहेको वा नरहेको भए पनि माथिको दर्जाको प्रहरी कर्मचारी वा सुरक्षा सँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मुनासिब आधार हुँदा हुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

(ड) सशस्त्र विद्रोह हुने कुरा थाहा पाएर पनि आफुभन्दा माथिको दर्जाको वा उच्च पदाधिकारीलाई यथाशक्य चाँडो खवर वा सूचना नदिएमा,

(ढ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको सुसम्बन्धमा वा सरकारको काम कारवाही प्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्धारा कुनै काम कुरा गरे गराएमा,

(ण) आफुभन्दा माथिको दर्जाको प्रहरी कर्मचारीले कानून बमोजिम दिएको आदेश पालना नगरेमा,

(त) आफ्नो जिम्मामा वा कमाण्डमा रहेका व्यक्तिहरुको संख्या वा अवस्था वा नगदी वा जिन्सीको जानी जानी झुठ्ठो विवरण पेश गरेमा,

(थ) कुनै राजनीतिक सङ्गठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनीतिक उद्देश्यले आयोजित जुलुस वा प्रदर्शनमा भाग लिएमा,

(द) आफ्नो जिम्मामा रहेको सवारी साधन वा नगदी वा जिन्सी सामानको दुरुपयोग गरेमा, लापरवाहीपूर्वक हराएमा वा जानी जानी बिगारेमा वा भत्काएमा ।

(ध) आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा,

(न) अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी लिएमा,

(प) मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा,

(फ) प्रहरी सेवाबाट भागेमा,

८०. <u>सजायः</u> (१) कुनै प्रहरी कर्मचारीले दफा ७९ का कसूर गरेमा कसूरको मात्रा हेरी देहाय बमोजिमको सजाय हुनेछ।

(क) कुनै प्रहरी कर्मचारीले खण्ड (क) देखि खण्ड (च) सम्म उल्लेख भएका कुनै कसूर गरेमा जन्म कैद,





(ख) कुनै प्रहरी कर्मचारीले खण्ड (छ) देखि खण्ड (ट) सम्म उल्लेख भएको कुनै कसूर गरेमा बाह्र बर्ष सम्म कैद,

(ग) कुनै प्रहरी कर्मचारीले खण्ड (ठ) देखि खण्ड (ढ) सम्म उल्लेख भएका कुनै कसूर गरेमा सात बर्ष सम्म कैद,

(घ) कुनै प्रहरी कर्मचारीले खण्ड (ण) देखि खण्ड (फ) सम्म उल्लेख भएका कुनै कसूर गरेमा पाँच बर्ष सम्म कैद,

(२) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित कसूरको उद्योग गर्ने प्रहरी कर्मचारीलाई त्यसै कसूर गर्दा हुने सजायको आधा सजाय हुनेछ ।

## परिच्छेद-१३

## मुद्दाको अनुसन्धान र दायरी

८१. <u>मुद्दाको प्रारम्भिक अवस्थाः</u> परिच्छेद १२ अन्तर्गतको अपराध भए गरेको वा हुन लागेको कुरा जानकारी हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धी प्रतिबेदन प्रदेश प्रहरी महानिरिक्षक समक्ष दिनु पर्नेछ । यस्तो प्रतिबेदन प्राप्त भए पश्चात प्रदेश प्रहरी महानिरिक्षकले दफा ८५ बमोजिमको प्रहरी विषेश अदालतबाट कारबाही प्रकृया अगाडी वढाउनका लागि सम्बन्धित प्रहरी कार्यालयलाई लेखि पठाउनु पर्नेछ ।

८२. <u>अनुसन्धान समितिः</u> (१) यस ऐनको दफा ७९ को (क) देखि (ज) सम्मको अपराधको हकमा बिस्तृत छानबिन एंव अपराध अनुसन्धान गरी प्रहरी बिशेष अदालतमा मुद्दा दायर गर्न निम्न बमोजिमको अनुसन्धान समिति गठन हुनेछ ।

(क) प्रदेश प्रहरी कार्यालयले तोकेको बरीष्ठ प्रहरी उपरिक्षक वा प्रहरी उपरिक्षक - संयोजक

(ख) मन्त्रालयको कानून महाशाखा प्रमुख - सदस्य

(ग) प्रदेश प्रहरी कार्यालयबाट तोकिएको प्रहरी अधिकृत -सदस्य सचिव

(२) यस ऐनको दफा ७९ को (झ) देखि (ण) सम्मको अपराधको हकमा बिस्तृत छानबिन एंव अपराध अनुसन्धान गरी प्रहरी विशेष अदालतमा मुद्दा दायर गर्न निम्न बमोजिमको अनुसन्धान समिति गठन हुनेछ ।

(क) प्रदेश प्रहरी कार्यालयले तोकेको बरीष्ठ प्रहरी उपरिक्षक - संयोजक

(ख) सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको उप न्यायधिबक्ता - सदस्य

(ग) सम्बन्धित जिल्ला प्रहरी कार्यालयको प्रहरी अधिकृत -सदस्य सचिव

(३) यस ऐनको दफा ७९ को (त) देखि (फ) सम्मको अपराधको हकमा बिस्तृत छानबिन एंव अपराध अनुसन्धान गरी प्रहरी विशेष अदालतमा मुद्दा दायर गर्न निम्न बमोजिमको अनुसन्धान समिति गठन हुनेछ ।

(क) प्रदेश प्रहरी कार्यालयले तोकेको प्रहरी उपरिक्षक - संयोजक

(ख) सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट तोकेको राजपत्रांकित तृतिय श्रेणीका अधिकृत -सदस्य



खण्ड २) अतिरिक्ताङ्क १९(क) प्रदेश राजपत्र भाग १ मिति २०७५।९।१५

(ग) सम्बन्धित जिल्ला प्रहरी कार्यालयका प्रहरी अधिकृत -सदस्य सचिव

(४) उपदफा (१) बमोजिम गठित अनुसन्धान समिति वा समितिले खटाएको प्रहरी अधिकृतलाई अपराधको अनुसन्धान तहकिकात गर्दा सबूद प्रमाण संकलन, पक्राउ, खानतलासी, अपराधसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तु बरामद, मुचुल्काहरु तयार गर्ने लगायतका कामहरु गर्दा अनुसन्धान समिति वा समितिले खटाएको प्रहरी अधिकृतलाई प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(५) अनुसन्धान समितिले उपदफा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई चौबिस घण्टाभित्र अदालत समक्ष उपस्थित गराउनु पर्नेछ । त्यस्तो व्यक्तिलाई प्रहरी विशेष अदालतको आदेशले अनुसन्धानका लागि बढीमा ६० दिनसम्म हिरासतमा राख्न सकिनेछ ।

(६) यस ऐन बमोजिम गठित समितिले सामान्यतया छानबिन तथा अनुसन्धान कार्य ३० दिन भित्र पुरा गरी सम्बन्धित प्रहरी विशेष अदालत समक्ष मुद्दा दर्ता गर्नु पर्नेछ ।

(७) यो दफा बमोजिम गठन भएको अनुसन्धान समितिले ३० दिन भित्र अनुसन्धानको कार्य सम्पन्न गर्न नसकेमा कारण सहित म्याद थपको लागि सम्बन्धित प्रहरी विशेष अदालतमा प्रतिवेदन पेश गर्नु पर्नेछ। यसरी प्राप्त भएको

प्रतिवेदनको आधारमा अदालतले बढीमा ३० दिन सम्मको म्याद थप गर्न सक्नेछ ।

(८) उपदफा (६) बमोजिमको समयावधि भित्र अनुसन्धान समितिले सम्पुर्ण छानविन तथा अनुसन्धान कार्य पुरा गरी सम्बन्धित प्रहरी बिषेश अदालत समक्ष मुद्दा दायर गर्नुपर्नेछ ।

(९) उपदफा (२) बमोजिम अनुसन्धान तहकिकात गर्दा अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा अनुसन्धान अवधिभर निलम्बन गर्न सकिनेछ ।

(१०) यस ऐन बमोजिम गठित समितिले अनुसन्धान छानबिन प्रयोजनको लागि आवश्यक पर्ने कुनै दशी, लिखत, चिजवस्तु संकलन गर्न वा कुनै व्यक्तिलाई उपस्थित गराउन कुनै पनि सरकारी वा गैह्र सरकारी निकाय वा संस्थासँग सम्बन्धित निकाय मार्फत सहयोग माग गर्न वा उपस्थित गराउन अनुरोध गर्न सक्नेछ ।

(११) उपदफा (९) बमोजिम सहयोगको लागि माग भएमा सम्बन्धित निकाय, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

(१२) अनुसन्धान समितिले अनुसन्धान सम्बन्धि काम, कारबाही र प्रक्रिया आफै तय गर्न सक्नेछ ।

८३. <u>थुनामा राख्ने र कारागार सम्बन्धी व्यवस्थाः</u> प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई कानून बमोजिम थुनामा राख्न सकिनेछ र यसरी थुनामा राख्न परेमा वा फैसला





बमोजिम कैदमा राख्नु परेमा नेपाल सरकारको सहमतीमा जुनसुकै प्रदेशको कारागारमा राख्न सक्नेछ ।

८४. <u>नेपाल सरकार वादी हुनेः</u> प्रहरी विशेष अदालतमा दायर हुने मुद्दाहरु सरकारवादी मुद्दा सरह हुनेछन् ।

८५. <u>प्रहरी विशेष अदालतः</u> (१) परिच्छेद १२ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्न देहाय बमोजिमको प्रहरी विशेष अदालत गठन हुनेछ ।

(२) दफा ७९ को (क) देखि (ज) सम्म को कसुरको लागि मुद्दाको सुनुवाई को लागि देहाय बमोजिमको प्रहरी विशेष अदालत गठन हुनेछ ।

(क) न्याय परिषदले तोकेको उच्च अदालतका न्यायाधीश –अध्यक्ष

(ख) मूख्य न्यायाधिवक्ता, प्रदेश सरकार –सदस्य

(ग) प्रदेश प्रहरी कार्यालयका वरिष्ठतम प्रहरी अधिकृत –सदस्य

(३) दफा ७९ को खण्ड (झ) देखि (फ) सम्म को कसुरको लागि मुद्दाको सुनुवाईको लागि देहाय बमोजिमको जिल्ला प्रहरी विशेष अदालत गठन हुनेछ ।

(क) न्याय परिषदले तोकेको सम्बन्धित जिल्ला अदालतका न्यायाधीश –अध्यक्ष

(ख) प्रदेशको मुख्यन्यायाधिबक्ताले तोकेको सम्बन्धित जिल्लाको जिल्ला न्यायधिवक्ता –सदस्य

(ग) प्रदेश प्रहरी कार्यालयले तोकेको राजपत्रांकित द्धितीय श्रेणीका अधिकृत –सदस्य

(४) प्रदेश प्रहरी महानिरिक्षकलाई प्रहरी विशेष अदालतबाट कारवाही गर्नु परेमा प्रदेश सरकारले छुट्टै प्रहरी विशेष अदालत गठन गर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिमको विशेष अदालतले मुद्दाको शुरु कारबाही र किनारा तथा पुनरावेदनको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८६. **पुनरावेदनः** (१) जिल्ला प्रहरी विशेष अदालतको फैसला उपर चित्त नबुझ्ने पक्षले सो फैसलाको जानकारी पाएको मितिले पैंतीस दिनभित्र प्रहरी विशेष अदालत र प्रहरी विशेष अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको पुनरावेदनको निर्णय अन्तिम हुनेछ ।

८७. **मुद्दा सर्नेः** (१) प्रहरी ऐन, २०१२ बमोजिम यस प्रदेशको क्षेत्राधिकार भित्र विभिन्न प्रहरी विशेष अदालतमा दायर भई निर्णय हुन बाँकी रहेका मुद्दाहरु यस ऐन बमोजिम गठित सम्बन्धित प्रहरी विशेष अदालतमा सर्नेछ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८५ मा उल्लेख भए बमोजिमको क्षेत्राधिकार तोकीएको प्रहरी बिषेश अदालतमा स्वतः सरेको मानिनेछ ।

**स्पस्टीकरणः** यो ऐन जारी हुनु भन्दा पहिला अनुसन्धानको क्रममा रहेका मुद्दाहरुको हकमा तत्काल अवस्थामा तोकिएको अधिकारीले नै अनुसन्धानको कार्य पुरा गरी दफा ८५ बमोजिम गठित तोकीएको क्षेत्राधिकार भएको अदालतमा पेश गर्न बाधा पुगेको मानिने छैन ।





८८. **प्रहरी विशेष अदालतका सदस्यको सुविधा सम्बन्धी व्यवस्थाः** प्रहरी विशेष अदालतमा अध्यक्ष तथा सदस्यको दोहोरो सुविधा नपाउने गरी न्याय परिषद्को सिफारिसमा प्रदेश सरकारले थप गर्न सक्नेछ ।

८९. **प्रहरी विशेष अदालतको कार्यविधि सम्बन्धी व्यवस्थाः** प्रहरी विशेष अदालतले आफनो कार्यविधि आफैं निर्धारण गरी व्यवस्थित गर्नेछ।

## परिच्छेद-१४

## विविध

९०. **बिदाः** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका विदा पाउनेछः-

(क) भैपरी आउने बिदा
(ख) पर्व विदा
(ग) घर बिदा
(घ) बिरामी बिदा
(ङ) किरिया बिदा
(च) प्रसूति बिदा
(छ) प्रसूति स्याहार बिदा
(ज) सट्टा बिदा
(झ) अध्ययन बिदा

(२) विदा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

९१. **बिदा अधिकारको कुरा होइनः** (१) प्रहरी कर्मचारीले अधिकारको रूपमा बिदाको दाबी गर्न पाउने छैन ।

(२) कामको अनुकूलता हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा स्वीकृत अथवा अस्वीकृत गर्न सक्ने

तथा आवश्यक परेमा बिदामा बसेको प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

९२. <u>प्रहरी कर्मचारीको बचाउः</u> (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र जरिवाना तिर्नु पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रित नपुऱ्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्यपालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसके पछि नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन नेपाल सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ ।





९३. <u>विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी खटाउने सम्बन्धी व्यवस्थाः</u>

(१) अन्य प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै बिशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै बिशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिशमा प्रहरी पोशाक वा सादा पोशाकमा प्रदेश प्रहरी कर्मचारी खटाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफुले सुरक्षा दिनु पर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा वचाउ गर्न वा आफ्नो जीउ ज्यानको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको श्रोत, साधन वा हातहतियार प्रयोग बदनियत वा हेलचेक्र्याँईका साथ गरेको हो होइन वा त्यस्तो श्रोत साधान वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो थिएन भन्ने सम्बन्धमा छानविन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफुसँग रहेको श्रोत साधन वा हतियारको प्रयोग बदनियत, हेलचेक्र्याँई साथ गरेको वा आवश्यकता

भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारवाही अगाडि बढाउन सकिनेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक व्यक्तिले अर्को व्यक्तिको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाईते बनाउन सक्ने वा ठूलो संख्याका मानिसहरुको जीउ ज्यानमा हानी पुर्‍याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक र राष्ट्रिय सम्पत्ति माथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंश गरी गम्भीर क्षति पुर्‍याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै अवस्था नभएमा वा अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानून बमोजिम आवश्यकतानुसार बल प्रयोग गर्न सक्नेछ ।

९४. <u>सेवा परिवर्तनमा बन्देजः</u> प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको ईच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन ।

९५. <u>प्रहरी किताबखानाको व्यवस्थाः</u> (१) प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापनका लागि प्रदेश प्रहरी किताबखाना रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९६. <u>अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्थाः</u> अन्तराष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको





सहभागिता सम्बन्धी संघीय प्रहरी ऐन बमोजीम हुनेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९७. <u>सूत्र परिचालन गर्न सक्नेः</u> शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना सङ्कलनका लागि प्रदेश प्रहरीले गोप्य रुपमा सूत्र परिचालन गर्न सक्नेछ।

९८. <u>अधिकार सुम्पन सक्नेः</u> (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरु राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रहरी कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐनद्वारा कुनै अधिकारीलाई प्रदान गरिएको अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मातहतको कर्मचारीलाई सुम्पन सक्नेछ ।

९९. <u>संघीय ऐन लागु हुनेः</u> प्रदेश प्रहरीको कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ ।यस ऐनमा उल्लेख नभएको विषय सम्बन्धी व्यवस्था संघीय प्रहरी कानून अनुसार हुनेछ।

१००. <u>लोक सेवा आयोगले काम गर्नेः</u> प्रदेश लोक सेवा गठन गठन नभए सम्म प्रदेश लोक सेवा आयोगले गर्ने भनी तोकेको काम, कर्तव्य लोक सेवा आयोगले गर्नेछ ।

१०१. <u>नियम बनाउने अधिकारः</u> यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१०२. <u>बचाउः</u> प्रहरी ऐन, २०१२ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भएको मानिने छ ।

## अनुसुची १
### (दफा १३ सँग सम्बन्धित)

(क) प्रहरी निरिक्षक- राजपत्रांकित तृतीय श्रेणी

१. न्यूतम शैक्षिक योग्यता – मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण ।

२. उमेर हद – दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २१ बर्ष पुराभई २५ बर्ष ननाघेको तर कुनै पनि विषयमा स्नातकोत्तर गरेका उम्मेदवारले २७ बर्ष सम्म आवेदन गर्न सक्ने ।

३. संघीय तथा प्रदेश प्रहरी संगठनका विभागीय प्रहरी कर्मचारीहरुका हकमा ३५ वर्ष ननाघेको हुनुपर्ने ।

४. संघीय तथा प्रदेश प्रहरी संगठनका खुल्ला प्रतियोगिताबाट भर्ना भएका अधिकृत जवानले प्रहरी निरिक्षकमा आवेदन गर्न आधारभूत तालिम पूरा गरी ३ वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने ।

५. नैतिक पतन देखिने कुनै फौज्दारी अभियोग सजाय नपाएको ।

६. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

७. मानव अधिकार र मानवीय कानूनको उल्लघंनमा सजाय नपाएको ।

८. राजनितिक दलको सदस्य नरहेको ।

९. आतंककारी संगठनको सदस्य नरहेको ।

१०. पुरुषको हकमा घटीमा उँचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी र महिलाको हकमा घटीमा उँचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

११.आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।





१२.प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ख) प्रहरी सहायक निरिक्षक- राजपत्र अनंकित द्वितीय श्रेणी प्रहरी सहायक निरिक्षक दर्जामा पदपूर्ती गर्दा कुल रिक्त पदसंख्याको ५० पद खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा पदपूर्ति गरिनेछ ।

१. न्यूतम शैक्षिक योग्यता - मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

२. उमेर हद- दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ बर्ष पुराभई २४ वर्ष ननाघेको तर संघीय तथा प्रदेश प्रहरी सेवाको विभागीय प्रहरी कर्मचारीहरुका हकमा ३५ वर्ष ननाघेको हुनुपर्ने ।

३. संघीय तथा प्रदेश प्रहरी संगठनमा भर्ना भएका जवानले प्रहरी सहायक निरिक्षकमा आवेदन गर्न आधारभूत तालिम पूरा गरी ३ वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने ।

४. नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा सजाय नपाएको ।

५. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

६. मानव अधिकार र मानवीय कानूनको उल्लघंनमा सजाय नपाएको ।

७. राजिनितिक दलको सदस्य नरहेको ।

८. आतंककारी संगठनको सदस्य नरहेको ।

९. पुरुषको हकमा घटीमा उँचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी र महिलाको हकमा घटीमा उँचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

१०.आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

११.प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ग) प्रहरी जवान - राजपत्र अनंकित चतुर्थ श्रेणी

१. न्यूतम शैक्षिक योग्यता - प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण ।

२. उमेर हद- दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पुराभई २२ बर्ष ननाघेको ।

३. नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा सजाय नपाएको ।

४. मानव अधिकार र मानवीय कानूनको उल्लघंनमा सजाय नपाएको ।

५. राजिनितिक दलको सदस्य नरहेको ।

६. आतंककारी संगठनको सदस्य नरहेको ।

७. पुरुषको हकमा घटीमा उँचाई ५ फिट २ ईन्च, छाती ३१-३३ ईन्च, तौल ५० के.जी र महिलाको हकमा घटीमा उँचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

८. आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

९. प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(घ) राजपत्राकिंत प्राविधिक पदहरुको हकमा त्यस्तो प्राविधिक सेवासँग सम्बन्धित





विषयमा स्नातक तह उत्तिर्ण भएको उम्मेदवार हुन पाउनेछन्, त्यस्ता प्राविधिक सेवासँग सम्बन्धित विषयमा स्नात्तकोत्तर गर्ने उम्मेदवारहरुलाई प्रहरी नायव उपरिक्षक पदमा खुल्ला प्रतियोगिताबाट नियुक्त गर्न सकिनेछ ।

## अनुसूची २
## (दफा १८ सँग सम्बन्धित)

म..................मुलुक र जनताप्रति पुर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्छु र ईश्वरको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पुर्ण वफादार रहदै ................पदको कामकाज प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः-...............

हस्ताक्षर

प्रमाणीकरण मिति-२०७५/०९/१५

आज्ञाले,
कृष्णहरि पुष्कार
प्रदेश सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५०/-
गो.हु.द.नं. १६।२०६२।६३